जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २४९ २०८१ साल बैशाख २७ गते बिहीबार (9 May 2024 Thursday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : झापामा आठ सय ८५ इजाजत ... ३ पृष्ठमा : चतराधाम कुम्भमेलामा ... ३ पृष्ठमा :चालक दलका सदस्य ...

## नेपालको न्यायपालिका दक्षिण एशियामै अग्रस्थानमा : न्यायधिश पोखरेल

**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

सर्वोच्च अदालतका न्यायधिश सुनिल कुमार पोखरेलले नेपालको न्यायपालिका दक्षिण एशियामै अग्रस्थानमा रहेको बताएका छन् ।

७२औं कानुन दिवसको अवसरमा नेपाल बार एशेसिएशन उच्च अदालत राजबिराज-जनकपुरले बुधबार राजविराजमा आयोजना गरेको शुभकामना आदान प्रदान तथा काशीराज-गंगादेवी पुरस्कार बितरण समारोहमा उनले उक्त कुरा बताएका हुन् ।

सो अवसरमा उनले नेपालको न्यायपालिका दक्षिण एशियामै अग्रस्थानमा रहेकोमा गौरबको विषय रहेको भन्दै नयाँ र पुराना कानुन व्यवसायबीचको सन्तुलन कायम रहनु नेपालको न्याय प्रणालीको महत्वपूर्ण पक्ष रहेको उल्लेख गरे ।




कतै न्याय नपाएपछि व्यक्ति न्यायालयको शरणमा जाने हो, उनले भने, “त्यसैले न्यायालय सबै प्रकारका दबाब, प्रभाव र अभावबाट मुक्त हुनुपर्दछ ।” न्याय सम्पादनका बेला न्यायधिशलाई कतैबाट प्रभव पार्नु हुन्न भन्ने मान्यता आफ्नो रहेको भन्दै उनले यही मान्यतालाई मातहातका सबै अधिकारीले बोकी हिड्दा न्यायालयप्रति जनताको विश्वास र न्यायालयको साख बढ्दै जाने बताए ।

उनले न्यायपालिका कमजोर र निमुखाका लागि रहेको भन्दै

*बाँकी तीन पृष्ठमा*

## सरकारलाई दिएको समर्थन निरन्तर रहन्छ : अध्यक्ष यादव

काठमाडौं, २६ वैशाख (रासस) ।

जनता समाजवादी पार्टी ( जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारलाई दिएको समर्थन निरन्तर रहने बताउनुभएको छ ।

पार्टी कार्यालय वालकुमारीमा बुधबार आयोजित पत्रकार सम्मेलनमा उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री समेत रहनुभएका पार्टी अध्यक्ष यादवले सरकारलाई दिएको समर्थन बुधबारका मितिसम्म जारी रहेको उल्लेख गर्नुभयो । “सरकारलाई दिएको हाम्रो समर्थन यथाबत छ, बाँकी परिस्थिति कसरी विकास हुन्छ भन्नेमा निर्भर रहन्छ”, उहाँले भन्नुभयो ।

राजनीतिक अस्थिरता र गलत क्रियाकलापको पात्र आफ्नो पार्टी नभएको जिकिर गर्दै अध्यक्ष यादवले भन्नुभयो- “आगामी दिनमा दिइने समर्थन सरकारकै व्यवहारमा भर पर्छ ।” केही व्यक्तिगत स्वार्थ र महत्वकांक्षाले पार्टीलाई बिभाजन गरेको उहाँको भनाइ थियो । बहुमत सांसद र केन्द्रीय नेता आफ्नो पक्षमा रहेको दाबी गर्दै उहाँले आफू बिदेश भएका बेला पार्टी विभाजन गरेको तथा निर्वाचन आयोगले पनि हतारमा दल दर्ताको प्रमाणपत्र दिएको उल्लेख गर्नुभयो ।

## गम्भीर तथा घातक रोगका बिरामीबाहेक सबै शिक्षकका काज फिर्ता

काठमाडौं, २६ वैशाख (रासस) ।

शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गम्भीर तथा घातक रोग लागेर उपचाररतबाहेक सामुदायिक बिद्यालयका सबै शिक्षकको काज फिर्ता गर्ने निर्णय गरेको छ ।

सचिवस्तरीय निर्णयबाट सबै शिक्षकहरूको काज सरूवा फिर्ता गर्ने निर्णय गरिएको शिक्षा मन्त्रालयले जनाएको छ ।

शिक्षकहरूलाई आवश्यकता नभएका निकायहरूमा काजमा राखिएको र त्यसले अध्ययन-अध्यापनमा समस्या पारेको गुनासो आएपछि शिक्षामन्त्री सुमना श्रेष्ठले घातक रोग लागेकाबाहेक सबै काज फिर्ता गर्ने निर्णय गरी यथाशीघ्र कार्यान्वयन गर्न निर्देशन दिनुभएको थियो ।

मन्त्रालयले शिक्षकलाई राजनीतिक दलको सदस्यता त्याग्न निर्देशन दिइसकेको छ ।

## काशीराज-गंगादेवी स्मृति पुरस्कारबाट वरिष्ठ कानुन व्यवसायी सिंह सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

सप्तरीका बरिष्ठ कानुन व्यवसायी हिम्मत सिंह “काशीराज-गंगादेवी स्मृति पुरस्कार २०८१ बाट सम्मानित भएका छन् ।

७२औं कानुन दिवसको अवसरमा बुधबार नेपाल बार एशोसिएशन उच्च अदालत राजविराजद्वारा आयोजित शुभकामना एवं सम्मान कार्यक्रममा ८४ वर्षिय सिंहलाई सो पुरस्कारबाट सम्मानित गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथी सर्वोच्च अदालतका न्यायधिश सुनिल कुमार पोखरेलले उनलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गरे ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ कोइलाडी वर्साइन निवासी सिंहले कानुन, मानव अधिकार, समाजिक न्याय, न्यायनिरुपण र समाज परिर्वतन लगायतको क्षेत्रमा गरेको योगदानको कदर गर्दै सो पुरस्कार प्रदान गरिएको नेपाल बार एशोसिएशन उच्च अदालत राजबिराजका अध्यक्ष हरेराम यादवले बताए ।

राजविराज ७ निवासी समाजसेवी स्व.काशीराज पोखरेल र गंगादेवी पोखरेलको स्मृतिमा उनका छोरा पूर्व क्याम्पस प्रमुख विष्णु पोखरेल, बुहारी शोभा पोखरेल र नुतन पोखरेलले यसै वर्ष सो पुरस्कारको स्थापना गरेका हुन ।

कानून, मानवअधिकार, सामाजिक न्याय र समाजसेवा क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तीलाई हरेक वर्ष कानुन

*बाँकी अन्तिम पृष्ठमा*


# VACANCY ANNOUNCEMENT

**Nepal APF Thakodevi Jogendra Bhagat School, Saptari** is one of the reputed educational institutes promoted by Armed Police Force Nepal Welfare Service Center. The School is looking for dynamic, energetic & self-motivated **Principal** for immediate appointment

**Requirement**

- At least Master's Degree or equivalent, along with teaching license.
- Maximum age limit 50 years, Good moral character and no criminal records (Police Report).
- At least 5 years experience as Coordinator/Vice Principal/Principal in reputed English Medium secondary level school.
- Must have excellent computer knowledge, public communication and leadership qualities.
- Have an instinctive feeling about future plan concepts.
- 5 years School Development Proposal.

**Procedure:**

- Interested candidates can apply with hand written application; Rs.10 ticket, updated CV, PP size photograph-2, copies of all attested academic certificates, experience letters at the office of **Nepal APF Thakodevi Jogendra Bhagat School, Saptari** and send email to **nepalapfschoolsaptari@gmail.com** within **30 days of this publication.**
- Other facilities will be as per the school's rules.
- Only shortlisted candidates will be called for selection procedure.
- Other facilities will be as per the school rules.
- Only shortlisted Candidates will be called for the selection procedure.

**Nepal APF Thakodevi Jogendra Bhagat School**
Shambhunath, Saptari
Ph.no. 9851272773, 9851258193

## सम्पादकीय

# हुलाकी सडक पूर्ण रुपले संचालनमा ल्याउन पहल गरौं

मधेशको लाइफ लाइन मानिने हुलाकी सडक खण्डको निर्माण कार्य लामो समयदेखी भइरहेको छ। यो सडकखण्डको लम्बाई पूर्वदेखी पश्चिमसम्म एक हजार किलोमिटर भन्दा बढी छ। लामो समयदेखी निर्माण भइरहेको यस सडक खण्डको केही स्थानको निर्माण भइसकेको छ भने केही स्थानमा अझै कार्य सूचारु हुनसकेको छैन् ।

उक्त सडकखण्ड अन्तरगत सप्तरीमा पर्ने हुलाकी राजमार्ग अन्तरगतका सडकहरुको काम लगभग सम्पन्न हुने अवस्थामा पुगेको छ। तर, निर्माण हुन नसकेका केही सडकहरु अहिले निकै कहालिलाग्दो अवस्थामा पुगेको छ। ती सडकमा वर्षाको बेला आवतजावत नै ठप्प हुने गरेको छ। वर्षाका कारण हिलाम्बे हुने गरेको उक्त सडकखण्डमा पैदल यात्री हिड्न सक्दैनन् । सवारीसाधनहरु बीच बाटोमै हिलोमा फस्ने गरेको छ। लामो समयदेखी अवरुद्ध रहेको राजविराजस्थित राम मन्दिरदेखी छिन्नमस्ता डेरीसम्मको बाटो निर्माण कार्य नगरपालिका र स्थानीय प्रशासनको प्रयासमा निर्माण भइरहेको छ। यस बाहेक सप्तरी अन्तरगतको हुलाकी मार्ग करिब सम्पन्न हुने अवस्थामा छ भने केही स्थानमा पुल बन्न बाँकी रहेको छ।

तसर्थ विकासीय कार्यमा कोही कसैले अवरोध नगरि यस्ता कार्यमा सबैको सहयोग आवश्यक छ। अनिमात्र विकासले फड्को मार्ने र जिल्लाको विकासमा ठेवा पुग्ने विश्वास गर्न सकिन्छ। यी अधुरा सडकहरुको निर्माण कार्य सम्पन्न भएपछि सप्तरी जिल्लाबाट अन्य जिल्ला पुग्न छोटो समय लाग्ने र भारतीय सीमानाबाट समानहरु निर्यात र आयात गर्न सजिलो हुने विश्वास गर्न सकिन्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# झापामा आठ सय ८५ इजाजत प्राप्त हतियार

झापा, २६ वैशाख (रासस)।

मुलुकमा पछिल्लो समय कुनै हिंसात्मक द्वन्द्वको अवस्था छैन। व्यक्तिगत असुरक्षा निम्तिने कुनै त्रासदी नहुँदा पनि झापाली सर्वसाधारणले ठूलो सङ्ख्यामा निजी बन्दुक राखेको पाइएको छ।

प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले झापामा सर्बसाधारणले आठ सय ८५ बटा निजी हतियार (बन्दुक) राख्न इजाजत लिएको बताउनुभयो। उहाँका अनुसार भरुवा बन्दुकदेखि अर्धस्वचालित हतियार नागरिकसँग रहेको पाइएको छ।

"सुरक्षा चुनौती विश्लेषण गरेर मात्र जिल्ला प्रशासन कार्यालयले व्यक्तिलाई हातहतियार राख्न इजाजत दिने गर्दछ। खरखजना ऐन, २०१९ र नियमावली २०२८ ले सर्बसाधारणले इजाजत लिएर व्यक्तिगत सुरक्षाका लागि हतियार राख्न पाउने व्यवस्था गरेको छ", प्रजिअ बाँस्तोलाले भन्नुभयो।

यसरी राखिएका हतियार जथाभावी चलाउन र सार्वजनिक रूपमा प्रदर्शन गर्न नपाइने उहाँको भनाइ छ। पाँच बर्षसम्म नवीकरण नभएका हतियारको इजाजतपत्र रद्द गरी जफत गर्न सकिने कानुनी व्यवस्था रहेको प्रजिअ बाँस्तोलाले जानकारी दिनुभयो।

झापामा इजाजत लिएर हतियार राख्ने सर्वसाधारणले नियमित रूपमा कानुनबमोजिम नवीकरण गरेका नगरेका भन्दै चालु आवमा एक सय ३० जनाले मात्र इजाजतपत्र नवीकरण गरेका उहाँले जानकारी दिनुभयो।

मेडिकल व्यवसायी दुर्गा प्रसाईंका निजी सुरक्षाकर्मीले बोकेको अर्धस्वचालित हतियार सर्वोच्च अदालत परिसरभित्र बरामद भएपछि निजी हतियारको इजाजतसम्बन्धी जनचासो बढेको छ। उक्त घटनापछि प्रसाईंले हतियार राख्न लिएको इजाजतपत्रको छानबिन भएको छभने देशैभरिका प्रशासन कार्यालयले हतियारको इजाजतलाई व्यवस्थित बनाएका छन्। साथै त्यस्ता हतियारको अभिलेख राख्ने र इजाजतको पुनरावलोकन गर्ने कार्य भइरहेको जनाइएको छ।

झापास्थित प्रशासन कार्यालयले सूचना जारी गर्दै इजाजत लिएर हतियार राखेका व्यक्तिलाई इजाजत नवीकरणका लागि हतियारसहित प्रशासन कार्यालय आउन अनुरोध गरेको छ। कतिपयले जिल्लाबाहिर इजाजत नवीकरण गरेको भए सोको जानकारी गराउन समेत प्रशासनले आग्रह गरेको छ।

कुनै हतियार सुरक्षा निकायमा बुझाइएको भए त्यसको निस्सा प्रशासन कार्यालयमा पेस गर्न सूचनामार्फत अनुरोध गरिएको छ। इजाजत लिएका सङ्ख्याका आधारमा नवीकरण नभएपछि प्रशासनले धेरैजसो हतियारको नवीकरण जिल्लाबाहिर भएको हुनसक्ने आशङ्का गरेको प्रजिअ बाँस्तोलाले बताउनुभयो।

तीन दशकअघिसम्म झापाका देहाती गाउँमा डकैती र लुटपाटका घटना बारम्बार हुने गर्दथे। भैपरीआउने असुरक्षाका कारण पहुँचवालाले प्रशासनबाट इजाजत लिएर निजी हतियार साथमा राख्ने गर्दथे। पञ्चायतकालदेखि नै यहाँ निजी सुरक्षा र प्रतिष्ठाका लागि हतियार राख्ने गरेको पाइएको उहाँको भनाइ छ।

दशबर्षे सशस्त्र द्वन्द्वकालमा प्रशासनले सर्बसाधारणसँग रहेका सबै हतियार बुझाउन निर्देशन दिएको थियो। जिल्लामा निजी हतियारको दुरुपयोग भएको कुनै घटना दर्ता नभएको प्रशासन कार्यालयले जनाएको छ।

इजाजत नलिईकन कतिपय नागरिकले साना हतियार राखेको हुनसक्ने अनुमान छ। जङ्गल छेउछाउ बसोबास गर्ने कतिपय व्यक्तिले वन्यजन्तु सिकार गर्नका लागि इजाजत नलिइएको हतियार प्रयोग गर्ने गरेका हुनसक्ने बताइएको छ।

आर्थिक बर्ष २०८०/८१ मा बाह्रदशी गाउँपालिका-२ मा एउटा भरुवा बन्दुक प्रहरीले बरामद गरेको थियो। हतियार खरखजना मुद्दामा एकजनालाई मात्र अभियोग लागेको थियो। "वन्यजन्तु सिकारमा बन्दुकको प्रयोग भएका घटना भने छन्", वन्यजन्तु तथा चरा संरक्षण समाज मेचीनगरका अध्यक्ष देवेन्द्र खरेलले भन्नुभयो।

गत वैशाख ४ गते मेचीनगर-१२ स्थित कालिका सामुदायिक वनभित्र एउटा भाले हात्ती गोली हानेर मारिएको अवस्थामा फेला परेको थियो। दुवै दाह्रा फेदैबाट काटेर लगिएको अवस्थामा भेटिएको हात्तीको निधार र कान छेउमा गोली लागेको पाइएको उहाँले जानकारी दिनुभयो।

"हात्तीको निधारमा सिधा गोली हानिएको छ, चोरी-सिकारीले नै यो घटना गराएको हो। वन्यजन्तु मार्ने दोषी पक्राउ गरेर कानुनी कारबाही हुनुपर्ने माग गर्दै आएका छौँ", खरेलले भन्नुभयो, "पहिले हरिण र बँदेलको सिकार गर्नेहरूले हतियारको प्रयोग गर्थे। हात्तीको दाह्रा तस्करी गर्ने गिरोह अब झापामा सक्रिय भएको पुष्टि भएको छ।" हात्तीलाई गोली हानेर मार्ने गिरोह अहिलेसम्म पक्राउ नपरेको उहाँको भनाइ छ।

# कोरोनाकालमा अनलाइनमार्फत कक्षा लिएकालाई मान्यता दिइने

काठमाडौँ, २६ वैशाख (रासस)।

नेपाल मेडिकल काउन्सिलले कोरोना महामारीको समयमा नेपालमा बसेर विदेशका शिक्षण संस्थामा अनलाइनमार्फत कक्षा लिएका विद्यार्थीलाई मान्यता दिने भएको छ।

काउन्सिलले कोरोना महामारीको समयमा अनलाइनमार्फत बिदेशका शिक्षण संस्थामा चिकित्सा शिक्षा स्नातक (एमबिबिएस तथा बिडिएस) अध्ययन गरेका विद्यार्थीलाई सहजीकरणका लागि मान्यता दिने भएको हो।

काउन्सिलका अध्यक्ष प्रा डा चोपलाल भूसालले नेपालबाट छ महिना अनलाइनमार्फत लिएका विद्यार्थीलाई काउन्सिलले मान्यता दिने निर्णय गरेको जानकारी दिनुभयो। उहाँले चिकित्सा शिक्षा प्राबिधिक शिक्षा भएकाले छ महिनाभन्दा बढी अनलाइनमार्फत कक्षा लिएका विद्यार्थीलाई जति समय अनलाइन कक्षा लिएको हो त्यति नै समय यहाँका एकसय शय्याभन्दा बढी अस्पतालमा तालिम लिनुपर्ने बताउनुभयो। उहाँका अनुसार काउन्सिलले बिदेशी कलेजमा पढे पनि अनिवार्य तालिमको व्यवस्था गरेको छ।

यसअघि कोरोना महामारीको समयमा लामो समयसम्म घरमा बसेर विदेशका शिक्षण संस्थामा पढेका विद्यार्थीलाई मान्यता नदिएपछि काउन्सिलमा दर्ता हुन पाएका थिएनन्। "केही विद्यार्थी कोभिड-१९ सुरु हुनासाथ कक्षा सञ्चालन भएपछि त्यो विद्यार्थी विदेशमा बस्न पाएन र नेपालमा आएर अनलाइनमार्फत कक्षा लिनुपर्‍यो", काउन्सिलका अध्यक्ष प्रा डा भूसालले भन्नुभयो, "त्यसरी नेपाल आएर अनलाइनमा छ महिना कक्षा लिएकालाई मान्यता दिने र छ महिनाभन्दा बढी अनलाइनमार्फत कक्षा लिएको छ भने एकसय शय्याभन्दा माथिका अस्पतालमा गएर विषयगत तालिम लिने व्यवस्था गरेको छौँ। त्यसपछि विद्यार्थीलाई काउन्सिलमा दर्ताका लागि सहभागी गराउँनेछौँ।"

# कोशी प्रदेशमा नयाँ सरकारको प्रक्रिया बढाउन माग

बिराटनगर, २६ वैशाख (रासस)।

कोशी प्रदेशसभाका दुई ठूला दलले प्रदेश प्रमुख परशुराम खापुङलाई नयाँ सरकार गठनको प्रकिया बढाउन माग गरेका छन्।

बुधबार प्रदेश प्रमुखलाई भेटेर नेकपा (एमाले) कोशी प्रदेशसभा संसदीय दलका नेता हिक्मतकुमार कार्की र नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोसहितका प्रदेशसभा सदस्यहरूले त्यस्तो माग गर्नुभएको हो।

उहाँहरूले यही वैशाख ६ गतेको प्रदेशसभा बैठकले पारित गरेको सङ्कल्प प्रस्ताव स्मरण गराउँदै तत्काल सरकार गठनको प्रक्रिया अगाडि बढाउन माग गर्नुभयो।

नेपालको संविधानको धारा

बाँकी तीन पृष्ठमा

बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# चतराधाम कुम्भमेलामा अन्तिम शाही स्नान

धरान, २६ वैशाख (रासस)।

सुनसरीको बराहक्षेत्र नगरपालिका-१ चतराधाममा गत चैत २७ गतेबाट सञ्चालन भइरहेको बाह्रवर्षे पिण्डेश्वर पूर्णमहाकुम्भ मेलामा बुधबार अन्तिम शाही स्नान गरिँदैछ।

बुधबार मातातीर्थ औँसी अर्थात आमाको मुख हेर्ने दिन परेकाले बिहानै दर्शनार्थीको भीडभाड बढेको पूर्णमहाकुम्भ मेला समितिका सचिव चन्द्र मगरले जानकारी दिनुभयो।

चतराधाममा शाही स्नान गर्न बिहान ६ बजे जगत्गुरु महाराजको साथमा न्यायधीश तिलकराज रेग्मी, प्रधानमन्त्री कार्यलयका सचिव अर्जुन पाखेल, बालसन्त मोहनशरण देवाचार्य, भारतका जगतगुरुसहित हजारौँको सङ्ख्यामा सर्वसाधारण र धर्मगुरुले बाजागाजा, झाँकीसहित बराह क्षेत्रधाममा पुगेर साधुसन्तले शाही स्नानपवित्र तीर्थ बराह क्षेत्रस्थित सप्तकोशी नदीमा सन्त, महन्त र महामण्डलेश्वरले शाही स्नान गर्नुभएको छ।

बुधबार अन्तिम शाही स्नानमा धर्माचार्य, सन्तमहन्त, पीठाधीश, मठाधीश, भक्तजनलगायत स्थानीयवासीले पवित्र तीर्थ बराह क्षेत्रस्थित सप्तकोशी नदीमा सन्त, महन्त र महामण्डलेश्वरले शाही स्नान गर्नुभएको हो।

पूर्णमहाकुम्भ मेलामा जम्मा चारवटा शाहीस्नान राखिएको थियो, त्यसमध्ये बुधबारको शाहीस्नान अन्तिमभएकाले स्नान गर्नका लागि नेपालका विभिन्न स्थान र भारतलगायत देशबाट अघिल्लै दिन ठूलो सङ्ख्यामा मानिस कुम्भनगरी चतराधाममा आइपुग्नुभएको समितिका सचिव मगरले जानकारी दिनुभयो।

यही वैशाख २८ गतेसम्म लाग्ने महाकुम्भ मेलामा चारदिन कुम्भस्नानका लागि विशेषदिन राखिएको थियो। धर्मशास्त्रअनुसार सन्त, महन्तले गर्ने स्नानलाई शाहीस्नान भनिन्छ। विशेषगरी स्नानलाई महत्वपूर्ण मानि बराह क्षेत्रमै सबैभन्दा बढी स्नान गर्ने प्रचलन छ।

त्यहाँ खाली खुट्टा हिँडेर जानेआउने गरिन्छ। शुभमुर्हूतमा शाहीस्नान गरेमा अमरताको बरदानप्राप्त गर्ने धार्मिक विश्वास छ। कुम्भमा नुहाए अक्षयप्राप्ति हुने धार्मिक मान्यता रहेकाले मानिस देश विदेशबाट कुम्भस्नान गर्न चतराधाम आउने गरेको कुम्भ आयोजक समितिले जनाएको छ।

प्राचीन हरिद्वारका नामले समेत चिनिने चतराधाममा विसं २०५९ सालेखि कुम्भको आयोजना हुँदैआएको छ। यहाँ प्रत्येक छ वर्षमा अर्धकुम्भमेला र बाह्र वर्षमा पूर्णकुम्भमेला लाग्ने गरेको छ।

भारतका चारस्थान इलाहावाद (उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासिक (महाराष्ट्र) र हरिद्वार (उत्तराखण्ड)मा लामोसमयदेखि कुम्भमेला लाग्दै आएको छ। यहाँ ६/६ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्णमहाकुम्भमेला लाग्नेगरेको छ। हिन्दूधर्म शास्त्रमा बराहक्षेत्रस्थित सप्तकोशी नदी र धरानको पिण्डेश्वरधाम कुम्भमेलासँग जोडिएकाले यो क्षेत्रमा धार्मिक ग्रन्थमा उल्लेखित प्रमाणका आधारमा कुम्भमेला लगाउन थालिएको जगतगुरु बालसन्त मोहनशरण देवाचार्यले बताउनुभयो।

बराहक्षेत्रस्थित चतराधाममा गत चैत २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गर्नुभएको महाकुम्भमेला आगामी वैशाख २८ गतेसम्म सञ्चालन हुनेछ।

## कोशी प्रदेशमा ...

१८३(३) बमोजिम कोशी प्रदेशसभाको अधिवेशन आह्वान गरी मुख्यमन्त्री केदार कार्कीलाई विसं २०८० चैत २६ गतेको मितिले संविधानको धारा १८८(२) बमोजिमको अवधिभित्र अर्थात ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिन संकल्प प्रस्ताव पारित गरिएको र सोबारे मुख्यमन्त्री कार्कीले जानकारी पाइसकेको उहाँहरूको भनाइ छ।

आफू अल्पमतमा परेको भए पनि संविधानको धारा १८८(२) बमोजिम विश्वासको मतप्राप्त गर्ने प्रयोजनका लागि समयावधिभित्र प्रदेशसभाको अधिवेशन आह्वान नगरेको तथा राजिनामा पनि नदिएकाले कार्कीले मुख्यमन्त्री पदको संवैधानिक हैसियत गुमाएको उहाँहरूको दावी छ।

## नेपालको न्यायपालिका ...

जिम्मेवारीका साथ न्याय सम्पादन गर्नु पर्ने बताए। उनले मुद्दाको जतिसक्दो छिटो फच्र्यौट गरेर न्यायालयको सुधारमा लागि रहेको बताउँदै न्याय सम्पादन कार्यमा खटिने सबै जिम्मेवार बन्नु पर्नेमा जोड दिए।

राजविराज उच्च बार इकाईका अध्यक्ष हरेराम यादवले वाणिज्य इजलास यहाँ नभएकोले सप्तरी र सिराहाका सेवाग्राही जनकपुर जानुपर्ने बाध्यता भएकोले वाणिज्य इजलास तत्काल गठन गर्न प्रमुख अतिथिसँग आग्रह गरे। अदालतका ४०/४५ प्रतिशत कर्मचारी बाहिरै बस्ने हुनाले फैसलासहित अदालतको काम प्रभावित भएकाले तत्काल कर्मचारी अनुपस्थितिको समस्या अन्त्य गर्न सम्बन्धित निकायसँग माग गरे।

नेपाल बार एशोसिएशन उच्च अदालत जनकपुर-राजविराजका अध्यक्ष हरेराम यादवको अध्यक्षतमा आयोजित कार्यक्रममा आयोजित कार्यक्रममा न्यायधिश बासुदेव ज्ञवाली, नारायण प्रसाद सुवेदी, बिमल सुवेदी, दिपककुमार दाहाल, अर्जुन अधिकारी, प्रमुख जिल्ला अधिकारी किरण थापा, जिल्ला बार एशोसिएशनका अध्यक्ष रामप्रसाद चौधरी, पूर्व अध्यक्षहरू श्यामनारायण साह, हेमनारनयण चौधरी, पुरस्कार स्थापना परिवारका सदस्य नुतन पोखरेल, वरिष्ठ कानुनी व्यवसायी हिम्मत सिंह समेतले बोल्दै न्यायालयमा सुधार तथा छिटो छरितो न्याय सम्पादनका लागि आ-आफ्नो सुझाव दिएका थिए।


**वी.पी. स्मारक पब्लिक माध्यमिक विद्यालय**
हनुमाननगर-कंकालिनी न.पा.-१, भारदह, सप्तरी

पत्र संख्या :- २०८०/०८१
चलानी नम्बर :-
विद्यालय कोड नं. ... ० ० ० १
पान नं.: २०१२७२८२२
मिति: २०८१/०१/२५

विषय : कार्यालय सहायक (लेखापाल) को आवश्यकता सम्वन्धमा ।

यस वी.पी.स्मारक पब्लिक माध्यमिक विद्यालय,भारदह,हनुमाननगर-कंकालिनी न.पा.-१,सप्तरीको रिक्त कार्यालय सहायक (लेखापाल) पदपूर्तिको लागि हनुमाननगर-कंकालिनी नगरपालिकाको मिति २०८०/१२/३० को अनुमति तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/२४ गतेको निर्णय बमोजिम कार्यालय सहायककोयस नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०२/०८ गते) भित्र तपसिलको पदमा उल्लेख सर्त अनुसार रीतपूर्वको दरखास्त आव्हान गरिन्छ ।

तपसिल

१) विज्ञापन नं. ०१/२०८०-०८१
क) पद : कार्यालय सहायक (लेखापाल) ख) नियुक्तिको प्रकार : करार ग) पद संख्या : १ (एक)
घ) शैक्षिक योग्यता : वाणिज्य संकायमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
कम्प्युटरमा PCA Course पूरा गरेको ।
२.उमेरको हद: दरखास्त बुझाउने अन्तिम मिति २०८१/०२/०८ सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३.संलग्न राख्नु पर्ने कागजातहरु : - आफुले हासिल गरेको योग्यता प्रमाणपत्रको प्रतिलिपी १/१ थान
नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान-१
- फोटो (पासपोर्ट साइज) थान ३ ।
- कम्प्यूटर तालिमको प्रमाणपत्रको प्रतिलिपी थान -१
४. छनौटको किसिम : लिखित परीक्षा (बस्तुगत र विषयगत) , अन्तर्वार्ता तथा प्रयोगात्मक ।
५. दरखास्त दिने स्थान : वी. पी. स्मारक पब्लिक माध्यमिक विद्यालय भारदह विहान १०:०० - २:०० बजे सम्म ।
६. पाठ्यकम : कार्यालय सहायक कर्मचारीको पाठ्यक्रम बमोजिम हुनेछ। ।
७. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
८. तलव स्केल : विद्यालय कर्मचारी छनौट कार्यविधि- २०८० अनुसार ।
९. आवेदन दस्तुर : रु.७००/
१०.सम्पर्क मिति : २०८१/०२/०९
१०.थप जानकारीको लागि सम्पर्क नं. ९८६२८६६३६५

प्रधानाध्यापक


# विश्व समाचार

## चालक दलका सदस्य एकाएक विरामी, एयर इन्डियाका ७० उडान रद्द

नयाँदिल्ली, २६ वैशाख (रासस/एएनआई)।

बुधबार एयर इन्डिया एक्सप्रेसका ७० वटा भन्दा बढी अन्तर्राष्ट्रिय तथा घरेलु उडानहरू वरिष्ठ चालक दलका सदस्यहरू बिरामी परि बिदामा बसेका कारण रद्द वा ढिलाइ भएका छन्।

एयर इन्डिया एक्सप्रेसले बुधबार आफ्नो उडान सञ्चालनमा ठूलो अवरोधको सामना गर्नु परेको जनाएको छ। लगभग ७० वटा रद्द उडानमा प्राय: अन्तर्राष्ट्रियका वरिष्ठ चालक दलका सदस्य बिरामी भएको कारण रद्द वा ढिलाइ भएको थियो।

भारतीय नागरिक उड्डयन मन्त्रालय स्रोतका अनुसार मङ्गलबारदेखि सुरु भएको यो समस्या बुधबार बिहानसम्म जारी रहेको थियो। नागरिक उड्डयन अधिकारीहरूले यस विषयमा अनुसन्धान गरिरहेका छन्।

स्वास्थ्य समस्यालाई उद्धृत गर्दै उडान अघि केही वरिष्ठ चालक दलका सदस्यहरूले आफ्नो मोबाइल फोन बन्द गरेको स्रोतहरूले बताएका छन्।

वैकल्पिक पाइलटहरू उपलब्ध नभएका कारण उडानहरू रद्द गर्नु परेको थियो। एयर इन्डिया एक्सप्रेसले परिस्थितिको मूल्याङ्कन गरिरहेको जनाउँदै प्रभावित यात्रुहरूसँग माफी मागेको छ।

एयर इन्डिया एक्सप्रेसका प्रवक्ताले केबिन क्रूको टोलीले मङ्गलबार राति बिरामी भएको रिपोर्ट गरेको परिणामस्वरूप उडानमा ढिलाइ र रद्द भएको बताउनु भयो। घटनाका कारणहरू बुझ्नका लागि चालक दलका सदस्यहरूसँग एयर इन्डिया एक्सप्रेसको टोलीले छलफल गरिरहेको छ।

यस्तै घटना अप्रिल १ मा भिस्तारा एयरले पनि सामना गर्नु परेको थियो। त्यसबखत पाइलटहरू बिरामी भएकाले सयभन्दा बढी उडान प्रभावित भएका थिए।

## म्यान्मामा विस्थापितहरूको सङ्ख्या ३० लाख : राष्ट्रसङ्घ

याङ्गुन, २६ वैशाख (रासस/एएफपी)।

म्यान्मामा विस्थापित व्यक्तिहरूको सङ्ख्या तीस लाख पुगेको संयुक्त राष्ट्रसङ्घले बताएको छ। यीमध्ये अधिकांश सेनाको सन् २०२१ को विद्रोहबाट सुरु भएको द्वन्द्वका कारण आफ्नो घर छोड्न बाध्य भएका छन्।

लोकतन्त्रको अल्पकालीन प्रयोगपछि आङ सान सु कीको सरकारलाई पतन गराउने विद्रोहपछि करिब २७ लाख पलायन भएका छन्।

यो सैन्य विद्रोहले स्थापित जातीय सशस्त्र समूहहरूसँग नयाँ झडप सुरु गर्‍यो र दर्जनौं 'पिपुल्स डिफेन्स फोर्सेस' बललाई जन्मायो। तिनीहरूलाई दबाउन सेना असफल भएको छ।

म्यान्मा सन् २०२४ मा गहिरो मानवीय सङ्कटको मुखमा छ", राष्ट्रसङ्घीय आवासीय संयोजकले सोमबार जारी गरेको विज्ञप्तिमा बताउनुभएको छ।

विज्ञप्तिअनुसार विस्थापितमध्ये एक तिहाई बालबालिका रहेको अनुमान गरिएको छ। गत वर्षको अन्त्यदेखि जातीय सशस्त्र समूहहरूको गठबन्धनले उत्तरी शान राज्यमा आक्रमण सुरु गरेपछि तीस लाखमध्ये करिब आधा विस्थापित भएको विज्ञप्तिमा उल्लेख छ।

आक्रामक कारवाहीले र चीन सीमामा धेरै क्षेत्र र लाभदायक व्यापार क्रसिङलाई कब्जा गरेको छ। यसले सत्ता कब्जा गरेपछि जुन्ताका लागि सबैभन्दा ठूलो खतरा सिर्जना गरेको छ।

म्यान्माको सीमावर्ती क्षेत्रमा जातीय सशस्त्र समूहहरूको बाहुल्य छ। तीमध्ये धेरैले सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएपछि स्वायत्तता र आकर्षक स्रोतहरूको नियन्त्रणलाई लिएर सेनासँग लडिरहेका छन्।

संयुक्त राष्ट्रसङ्घले विशेषगरी मे-जुन चक्रवातको मौसमअघि राहत कार्यमा गम्भीर आर्थिक अभावले बाधा पुर्‍याइरहेको बताएको छ। गत वर्ष चक्रवात मोचाले पश्चिमी म्यान्माको रखाइन राज्यमा प्रहार गरेको र कम्तीमा एक सय ४८ जनाको ज्यान गएको थियो।

अराकान आर्मी र सेनाबीचको द्वन्द्वका कारण नोभेम्बरदेखि चर्चामा आएको पश्चिमी रखाइन राज्यमा हाल तीन लाख ५५ हजारभन्दा बढी मानिस विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

## दक्षिण कोरियामा चार कार निर्माताद्वारा करिब आठ हजार गाडी फिर्ता

सोल, २६ वैशाख (रासस/सिन्ह्वा)।

दक्षिण कोरियाका चार स्थानीय र विदेशी कार निर्माताहरूले उत्पादनमा त्रुटि भएका कारण करिब सात हजार सात सय सवारी साधन स्वेच्छाले फिर्ता बोलाउने भएको यातायात मन्त्रालयले बुधबार जनाएको छ।

भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार हुन्डाई मोटरले एभान्टे सेडानसहित पाँचवटा विभिन्न मोडलका चार हजार एक सय १८ एकाइ फिर्ता बोलाउनेछ। यसमा निकास ग्यास रिसर्कुलेशन (इआरजी) भल्भ पावर युनिटमा त्रुटि देखिएको छ। उक्त त्रुटिका कारण गाडी चलाउँदा इन्जिन रोकिन सक्छ।

किया कर्पोरेशनले के-३ सेडानसहित तीनवटा मोडेलका दुई हजार छ सय ५८ एकाइ हुन्डाई गाडीहरू जस्तै उत्पादनमा त्रुटिको लागि फिर्ता गर्नेछ।

जगुआर ल्यान्ड रोभर कोरियाले नयाँ रेन्ज रोभर स्पोर्ट पी-३६० जस्ता दुई मोडलका तीन सय २९ एकाइमा रियर लाइट इलुमिनेसन डिभाइसको कमजोर फिक्सेसनको मर्मत गर्नेछ।

भक्सवागन समूह कोरियाले टोवारेग ३ ३.० टिडिआई को छ सय २३ एकाइमा सुधारात्मक कारबाही गर्नेछ। यो मोबाइल अनुप्रयोगहरूमा सफ्टवेयर त्रुटिका कारण रिमोट स्वचालित पार्किङको समयमा खराबी हुन सक्छ।

सवारी साधन मालिकहरूले मर्मत र सेवा केन्द्रहरूमा गएर दोषपूर्ण पार्टपुर्जाहरू निःशुल्क बदल्न सक्छन्।

# संविधान कार्यान्वयनप्रति संघीय सरकार नै उदासीन : मन्त्री लेखी




**दैनिक समाचारदाता**
**जनकपुरधाम, २६ बैशाख ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले संविधान कार्यान्वयनप्रति संघीय सरकार नै उदासीन रहेको बताएका छन् ।

बुधबार प्रदेशको गृह सञ्चार तथा कानुन मन्त्रालयले जनकपुरधाममा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । संघीय सरकारले कानुन नबनाउँदा संघीयता कार्यान्वयन जटिल बनेको छ, उनले भने, "कानुन न्याय सम्पादन गर्ने निकाय निष्पक्ष, जिम्मेवार बन्नुपर्छ, नत्र थप जटिलता, देखिन्छ ।"

सोही कार्यक्रममा गृह, सञ्चार तथा कानुन राज्यमन्त्री शारदा थापाले नागरिकसम्म कानुनको सहज पहुँच पुऱ्याउनुपर्नेमा जोड दिए । सोही कार्यक्रममा उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेलले न्यायमा पहुँच बढाउन जरुरी रहेको उल्लेख गरे ।

कार्यक्रममा मधेश मधेशका प्रमुख सचिव लोकनाथ पौड्याल, गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रदेश सचिव वीरेन्द्रकुमार यादव, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष राजेश कर्ण, नेपाल बार एसोसिएसनका अध्यक्ष बलराम सुवेदी कानुन नागरिकको पहुँचमा पुग्नुपर्नेमा जोड दिए ।

गृह सञ्चार तथा कानुन मन्त्रालयका प्रदेश सचिव वीरेन्द्रकुमार यादवले पहिलो प्रदेश सभाबाट ५५ र दोस्रो सभाबाट पाँच वटा कानुन बनाएको जानकारी दिए । प्रदेश सभाले बनाइएका र प्रमाणित भएका ६० वटा ऐन, १४ वटा नियमावली प्रदेश राजपत्रमा प्रकाशित भइसकेको उनले बताए ।

### *काशीराज-गंगादेवी ...*

दिवसको अवसर पारेर उक्त पुरस्कारबाट सम्मानित गरिने एशोशिएसनले जनाएको छ । पुरस्कारको राशी १५ हजार र कदरपत्र रहेको छ । यसै वर्ष पोखरेल परिवारले २ लाख १ हजार रुपैया पुरस्कार अक्षयकोषका लागी एशोसिएशनलाई हस्तान्तरण गरेका थिए ।


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१






अनुरोधकर्ता
बोदेबरसाइन नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
बालनबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*